



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २१ गते बुधबार ❑ 5 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## गण्डकी प्रदेशमा राष्ट्रियसभा निर्वाचनका लागि उम्मेदवारको मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

राष्ट्रियसभा सदस्य निर्वाचन-२०७८ अन्तर्गत गण्डकी प्रदेशमा सत्ताधारी गठबन्धन र प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी(एमाले) का उम्मेदवारले मंगलबार मनोनयन दर्ता गराएका छन् ।

पोखरा महानगरपालिका-७ पार्दीस्थित प्रदेश निर्वाचन कार्यालयमा गठबन्धनका तर्फबाट नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)बाट अन्य समूहमा तनहुँका सुरेश आलेमगर, महिलातर्फ नेपाली कांग्रेसका तर्फबाट गोर्खाका कमला पन्त र दलितर्फ माओवादीका गोर्खाका भुवन सुनारले उम्मेदवारी दर्ता गराउनुभएको हो । यसैगरी नेकपा एमालेका तर्फबाट अन्यतर्फ कास्कीका पुण्यप्रसाद पौडेल, दलिततर्फ स्याङ्जाका अर्जुनकुमार सुनाम र महिलातर्फ नवलपरासीका लीला पोखरेल(थनेत)ले उम्मेदवारी दर्ता गराउनुभएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख हुमनाथ पराजुलीले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशमा तीन सिटका लागि राष्ट्रियसभा सदस्य निर्वाचन हुन लागेको हो । आगामी माघ १२ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि आज बिहान ११ बजेदेखि ३ बजेसम्म उम्मेदवारको मनोनयन दर्ताको निर्वाचन कार्यतालिका रहेकामा एमालेका उम्मेदवारले बिहान ११ बजे र सत्ताधारी गठबन्धनका उम्मेदवारले अपराह्न २:३० बजे उम्मेदवारी दर्ता गराएका थिए । सत्तारूढ गठबन्धनबीच राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गरेर जाने निर्णय भएअनुसार माओवादीले गण्डकीमा दुई सिट पाएको भने नेपाली कांग्रेसले एक सिट पाएको छ । राष्ट्रियसभामा चार वर्ष पदावधि पूरा गरेर जान लागेका सदस्यको रिक्त स्थानमा निर्वाचन हुन लागेको हो । गण्डकीमा माओवादी केन्द्रका अन्य समूहका दीनानाथ शर्मा, दलिततर्फ खिमकुमार विक र महिलातर्फ नेकपा (एकीकृत समाजवादी)का शान्तिकुमारी अधिकारीको चार वर्ष पदावधि पूरा गरी आगामी फागुनमा बिदाइ हुने भएकाले उहाँहरुको स्थानमा निर्वाचन हुन लागेको हो । प्रदेश निर्वाचन कार्यालय पोखरामा हुने निर्वाचनका लागि दुई मतदान केन्द्र तोकिएको कार्यालयले जनाएको छ । प्रदेशसभा र स्थानीय तहका मतदाताका लागि छुट्टाछुट्टै मतदान केन्द्र रहने कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले बताउनुभयो । उहाँका अनुसार पदावधि समाप्त भई रिक्त हुन आउने सदस्य पदको निर्वाचन सो पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन हुने गरी मिति तोक्नुपर्ने व्यवस्था संविधानमा छ । गण्डकीमा प्रदेशसभाका ५९ र ८५ स्थानीय तहका प्रमुख र उपप्रमुख १७० गरी गण्डकी प्रदेशमा कूल २२९ मतदाता छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ तथा स्थानीय तहका प्रमुख/उपप्रमुखको मतभार १८ रहेको छ । गण्डकीमा कूल मतभार पाँच हजार ८९२ रहेको छ । संविधानबमोजिम राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि निर्वाचक मण्डलमा प्रदेशसभाका सदस्य, महानगर, उपमहानगर तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष रहनेछन् ।

## लक्ष्मी स्मृति पुरस्कारवाट शिक्षाविद् डा.एलियामा सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**



लक्ष्मी स्मृति पुरस्कारबाट प्रा.डा. एलियामा जोन मंगलवार पृथ्वीधर सिग्देल समाजको परिसरमा सम्मानित भइन ।

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले डा. जोनलाइ नगद पैंतीस हजार, दोसल्ला र सम्मानपत्रले सम्मान गरेका हुन् । पोखराको शिक्षाको विकासमा अतुलनीय योगदान दिँदै समाजको रुपान्तरण एवं आधुनिकिकरणमा अमूल्य योगदान पुऱ्याएको कदर गर्दै सो पुरस्कारबाट डा.जोनलाई सम्मान गरिएको हो । प्रदेश प्रमुख गुरुङले समाजले सही व्यक्ति छनोट गरेर सम्मान गरिएको भन्दै स्व. लक्ष्मीको चर्चा गरे । सम्मानित व्यक्ति डा. एलियामा जोनले आमा नै बालबालिकाको पहिलो गुरु भएको भनिन् । नेपाली समाज सदभावमा अडिएको हन्छ सदभाव सृजनामा महिलाको सवै भन्दा ठूलो भुमिका रहको डा. जोनले वताइन ।

शिक्षाविद् जोर्ज जोनले स्व. लक्ष्मीको चर्चा गर्दै श्रीमान स्व. रमेशकान्त सिग्देलले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरे । प्रतिभा छनोट समितिका संयोजक प्राध्यापक तारा वरालले सम्मनित डा.जोनका जीवनी वारे प्रकाश पारे । समाजसेवी तथा विकासप्रेमी विश्व सिग्देलले कार्यक्रममा स्वागत गर्दै स्व. लक्ष्मी सिग्देलले जीवनमा शिक्षा क्षेत्रदेखि सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान आज सालको चुरो सरी बनेको उदाहरण दिए । जुन घरमा नारीको सम्मान हुन्छ त्यहाँ देवता पनि खुशी हुन्छन् भन्ने भनाइ सर्वपरी रहेको छ । आमा शिक्षित भए पक्कै पनि उनले घरमा शिक्षाको ज्योति फैलाउन सक्छिन्


बाँकी अन्तिम पृष्ठमा ▶▶


## राष्ट्रियसभा सदस्य निर्वाचनमा १९ पदका लागि ४३ उम्मेदवार

**रासस**
**काठमाडौं, २० पुस**

राष्ट्रियसभा सदस्य १९ रिक्त पदका लागि नौ राजनीतिक दलका ४३ जनाको उम्मेदवारी परेको छ ।

आगामी माघ १२ गते हुने उक्त निर्वाचनका लागि ४३ उम्मेदवारबाट मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो । उक्त निर्वाचनका लागि मंगलबार बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारी मनोनयनको समयावधि तोकिएको थियो ।

आयोगले यही पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्नेछ । आगामी फागुन २० गते नेकपा (एमाले) का आठ, नेकपा (एकीकृत समाजवादी) का चार, नेकपा (माओवादी केन्द्र) का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ । सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ ।

प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्सीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ ।

निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ तथा पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ ।

## थप ३९३ जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २० पुस**

देशभर पछिल्लो २४ घण्टामा थप ३९३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा नौ हजार ३२९ जनाको नमूना परीक्षण गरिएको थियो ।

सात हजार ७९४ जनाको पीसीआर तथा एक हजार ५३५ जनाको एन्टीजेन विधिबाट कोरोना परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा २६३ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख १२ हजार ९३७ पुगेको छ । निको हुनेदर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा आठ लाख २९ हजार ६३२ जनामा तथा एन्टीजेन विधिबाट परीक्षण गर्दा ९६ हजार ३१८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४८ लाख ८७ हजार ८१८ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ३५ हजार ९५२ पुगेको छ ।

कोभिड-१९ विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा तीन लाख १६ हजार ७७४ पुगेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ९४ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०१ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ ।

हाल देशभर भेन्टिलेटरमा २५ जना तथा आइसियुमा ८८ जना छन् । होमआइसोलेसनमा चार हजार ८३४, संस्थागत आइसोलेसनमा २६० तथा क्वारेन्टिनमा ९८ जना रहेका छन् । हाल देशभर ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं, ललितपुर र भक्तपुर छन् भने २०० भन्दा बढी सङ्क्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन् ।

शून्य सङ्क्रमित रहेका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ९९, ललितपुरमा ५९५ र भक्तपुरमा ५१४ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## कास्कीका पाँचवटै पालिकाका पशुमा पूर्ण खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

रोगको कारणबाट हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि कास्कीका पाँचवटै स्थानीय तहमा पशुमा पूर्ण खोप कार्यक्रम सुरु भएको छ ।


गण्डकी प्रदेश सरकारले पशुमा सङ्क्रामक रोग उन्मूलन गरी गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्ने उद्देश्यले आगामी तीन वर्षभित्रमा प्रदेशका ८५ वटै पालिकामा पूर्ण खोप कार्यक्रम कार्यान्वयनको योजनानुसार कास्कीमा यस वर्ष कार्यक्रम सुरु गरिएको हो । अघिल्लो आर्थिक वर्षमा रुपा र माछापुच्छ्रे गाउँपालिकाभरिका पशुलाई खोप लगाएर पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको थियो ।

प्रदेश सरकार भूमि व्यवस्था कृषि सहकारी तथा गरीबी निवारण मन्त्रालयमातहतको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानीय तहका पशु शाखासँगको सहकार्यमा पशुमा पूर्ण खोप कार्यक्रम सुरु गरेको केन्द्रका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत शम्भुराज पाण्डेले बताउनुभयो । उहाँका अनुसार विज्ञ केन्द्रका प्राविधिक कर्मचारी कृषकका पशु फार्म तथा गोठमा पुगेर गाई, भैंसी, बाख्रा तथा भेडाको तथ्याङ्क सङ्कलन गर्ने र खोप लगाउन सुरु गरेका छन् । "महामारीजन्य रोगबाट बचाउन र कृषकले पशुपक्षीमा गरेको लगानीको सुरक्षा र सम्भावित क्षतिलाई रोक्न पशुहरूमा खोप लगाउनु आवश्यक छ", पाण्डेलेभन्नुभयो।खोपकार्यक्रममा भैंसीलाई खोरेत र एचएसविक्यू, भेडाबाख्रामा पिपिआर र खोरेत, बङ्गुरलाई हैजा र कुकुरलाई रेविजविरुद्धको खोप दिइने छ । अघिल्लो वर्ष पूर्ण खोपयुक्त पालिकामा घोषित पालिकामा समेत खोप कार्यक्रम निरन्तर सञ्चालन हुनेछ ।

"सुरुआतमा सबै पालिकामा गणक पुगेर पशुवस्तुको तथ्याङ्क यकिन गर्ने काम सकिएको छ । दोस्रो चरणमा आवश्यक खोप व्यवस्था गरी खोपको लगाउन सुरु गर्दछौं ।" वरिष्ठ पशु विकास अधिकृत पाण्डेले भन्नुभयो, "पोखरा र यस आसपासका क्षेत्रमा खोरेत देखापरेकाले व्यावसायिक पशुको पकेट क्षेत्रमा खोरेतविरुद्धको खोप लगाउन सुरु गरेका छौं ।" पोखरा महानगरपालिकामा ४६ र माछापुच्छ्रेमा २० जना 'भ्याक्सिनेटर' परिचालन गरिएको र हालसम्म २५ हजार पशुचौपायामाखोपलगाइसकिएको भेटेरेनरी अस्पतालले जनाएको छ । प्राविधिक जनशक्तिको अभावमा सबै पालिकामा एकैपटक खोप कार्यक्रम सञ्चालमा कठिनाइ रहेको बताइन्छ ।

सरकारले गण्डकी प्रदेशलाई नै पूर्ण खोपयुक्त बनाएर सङ्क्रामक रोग निर्मूल गर्ने योजना बनाएको छ । कास्कीमा व्यावसायिक पशुपालन बढिरहेको यहाँबाट गण्डकी प्रदेशका विभिन्न जिल्लामा पशुजन्य पदार्थको आयात/निर्यात हुने भएकाले कास्कीबाट खोप कार्यक्रम सुरुआत गरिएको पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ रोग निर्मूल गर्न नसके रोग अन्य जिल्लामा फैलने सम्भावना बढी हुन्छ । सुरुमा कास्कीबाट सुरु गरौं भन्ने सरकारको योजना हो ।" जिल्लाभरका पशुका लागि खोप कार्यक्रम सञ्चालन गर्दा खोरेतको एक लाख २५ हजार, एचएसविक्यू ६० हजार डोज, एन्टिरेविज भ्याक्सिन छ हजार र ८० हजार पिपिआर खोपको मात्रा आवश्यक पर्ने जनाइएको छ ।

पूर्ण खोप कार्यक्रम सञ्चालनका लागि चालु आवमा रु दुई करोड बजेट विनियोजन गरिएको कार्यालयले जनाएको छ । पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि समेत खोप कार्यक्रम प्रभावकारी बन्ने भेटेरेनरी अस्पतालले जनाएको छ ।

# आई एन एफ नेपाल द्वारा पोखरा २० मा अक्सिजन सिलिण्डर सहित स्वास्थ्य सामाग्री प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

आई एन एफ नेपाल द्वारा पोखरा महानगरपालिका वडा नम्बर २० लाई अक्सिजन सिलिण्डर सहित स्वास्थ्य सामाग्री वितरण गरेको छ।

कोभिडमा राहत सामाजिक क्षेत्रको साथ, परोपकारि मनले बढाउ सहयोगी हात भन्ने मुल नराका साथ आई एन एफ नेपालले कोभिडको बर्तमान अवस्था र आउन सक्ने तेश्रो लहरलाई मध्येनजर गरी वडालाई ६ थान अक्सिजन सिलिण्डर र स्वास्थ्य सामाग्री वितरण गरेको हो।

सामाग्री प्रदान गर्दै आई एन एफ नेपालका कार्यकारी निर्देशक कृष्ण अधिकारीले विशेषगरी कोभिडबाट प्रभावित भएकाहरुलाई समाजमा अझैपनि हेर्ने दृष्टीकोण नकारात्मक रहेको वताउदै उनीहरुलाई मनोपरामर्श गर्ने काम संगै कोभिड लागेका र कोभिडपछि



पनि अफ्ठेरोमा परेकाहरुलाई समेत उपचारमा सहयोग गर्दै आइरहेको वताए। कोभिडको प्रभावमा परेका अपांग, एकल महिला तथा विपन्न परिवारकालाई उपचारमा समेत सहयोग गर्दै आइरहेको र आगामी दिनमा पोखरा २० मा रहेको विपदमा परेका अति विपन्न परिवारलाई समेत सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे।

त्यस्तै आई एन एफ नेपालका कार्यक्रम ब्यवस्थापक श्याम बिकले आफुहरुको संस्थाले विभिन्न वडाहरुमा समेत स्वास्थ्य सामाग्रीहरु वितरण गर्दै आइरहेको र आगामी दिनमा पनि पोखरा महानगरपालिकाभित्रका विभिन्न वडाहरुमा समेत स्वास्थ्य सामाग्री वितरण गर्ने वताए।

सो अवसरमा वोल्दै पोखरा महानगरपालिका वडा नम्बर २० का अध्यक्ष सिम गुरुङले सरकारी क्षेत्र संगै विभिन्न संघ सस्थाको सहयोगकै कारण आफुहरुलाई वडामा काम गर्न सहज भएको वताए। सरकारी क्षेत्रबाट सिमित मात्रामा बजेट आउने भएकाले आफुहरुलाई काम गर्नमा कठिनाइ उत्पन्न भइरहेको अवस्थामा आइ एन एफ नेपाल जस्ता विभिन्न संघ सस्थाको सहयोगबाट काम गर्नमा थप सहयोग भएको उनको भनाइ रहेको थियो। आई एन एफ नेपालले कोभिडको बर्तमान अवस्था र आउन सक्ने तेश्रो लहरलाई मध्येनजर गरी अक्सिजन सिलिण्डर र स्वास्थ्य सामाग्री प्रदान गरेकोमा धन्यवाद ब्यक्त गर्दै आगामी दिनमा पनि विपदमा परेकाहरुलाई सहयोग गर्नका लागी आइ एन एफ नेपाल संग सहकार्य गरी अगाडि वढ्ने प्रतिवद्धता समेत ब्यक्त गरे। उक्त अवसरमा अक्सिजन सिलिण्डर सहित, मास्क, पिपिइ, सेनिटाइजर, थर्मोमिटर, अक्सिमिटर, विपि सेट, अक्सिजन क्यानला,नाइलन डोरी लगायतका सामाग्रीहरु प्रदान गरिएको थियो।

# लायन्सको अधिवेशनलाई लक्षित गरी 'आकर्षक प्याकेज'

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, २० पुस**



आगामी माघ २९ गते पोखरामा हुने डिष्ट्रिक ३२५ बी १ नेपालको १० औं जिल्ला अधिवेशनलाई लक्षित गरी यहाँको पर्यटन व्यवसायीले आकर्षक प्याकेजको तयारी गरेका छन्।

लायन्सको जिल्ला अधिवेशनका क्रममा गण्डकीका ११ वटै जिल्ला सहित काठमाडौं, नुवाकोट, धादिङ, गुल्मी र अर्घाखाँची जिल्लाबाट करिब छ हजार प्रतिनिधि पोखरामा सहभागी बन्दैछन्। अधिवेशनलाई भव्य एवम् सभ्य रूपमा सम्पन्न गर्ने उद्देश्यका साथ महाधिवेशन मूल आयोजक समितिले पर्यटनसम्बद्ध संघ संस्थाका प्रतिनिधिसँग सोमबार गरेको छलफलमा पश्चिमाञ्चल होटेल संघका अध्यक्ष लक्ष्मण सुवेदीले लायन्स प्रतिनिधिका लागि होटेल संघका तर्फबाट ३० प्रतिशतसम्म छुट दिने बताए।

पोखराका अन्य पर्यटकीय गतिवधिका लागि पनि सम्बद्ध निकायसँग छुटका लागि पहल गरिने उनको भनाई रहेको थियो। "प्याकेजसँगै छ हजार जना प्रतिनिधि र उहाँहरूसँग अन्य परिवारका सदस्य समेत आएका अवस्थामा त्यसले पोखरामा पर्यटकको सङ्ख्या बढ्ने निश्चित छ", उनले भने, "यति ठूलो कार्यक्रम पोखरामा हुँदा त्यसले यहाँको आन्तरिक पर्यटनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिएका छौं।"

छ हजारको सङ्ख्याका प्रतिनिधि सहभागी हुने लायन्सको जिल्ला अधिवेशन यहाँको आन्तरिक पर्यटन विकासका लागि महत्वपूर्ण बन्ने नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्टस् गण्डकी प्रदेशका महासचिव कमला गिरीले बताईन्। कोरोनाले थला परेको पर्यटनलाई यस किसिमका कार्यक्रमले केही न केही राहत पुग्ने बताउँदै उहाँले पर्यटन सम्बद्ध संघ संस्थाले यसलाई अवसरका रुपमा लिदै दिन सकिने सुविधाका प्याकेजका लागि तयार हुनुपर्ने बताईन्। गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष उदय सुवेदीले पोखरामा हुने यस किसिमका कार्यक्रमले यहाँको पर्यटनमा टेवा पुग्ने विश्वास व्यक्त गरे। नेपाल पर्यटन यातायात व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष बाबुराम पाण्डेले अधिवेशनका क्रममा आउने प्रतिनिधिलाई संघ आवद्ध पर्यटक यातायातमा २० प्रतिशतसम्म छुट दिन सकिने धारणा राखे। उक्त अवसरमा जिल्ला अधिवेशन मुल समारोह समितिका संयोजक डम्बर सिं गुरुङ, सह-संयोजक मिलन थापा, मोतीराज तिमिल्सिना, पूजन शाक्य लगायत पदाधिकारी एवम् सल्लाहकार ध्रुब श्रेष्ठ, विमला श्रेष्ठ लगायतले लायन्स अधिवेशनका सम्बन्धमा जानकारी गराएका थिए।

पोखरास्थित लायन्स क्लब अफ पोखरा अन्नपूर्णको अगुवाइमा यहाँका अन्य पाँचवटा लायन्स क्लब पोखरा गण्डकी, पोखरा सेती गण्डकी, हेम्जा, पोखरा युनाईटेड चौतारी र पोखरा लेखनाथले पोखराकाअन्यक्लबसँगकोसहकार्यमा अधिवेशन सम्पन्न गर्न लागिएको मूल आयोजक समितिका संयोजक मधुसुदन कोईरालाले जानकारी दिए।

# पत्रपत्रिकाको वर्गीकरण नतिजा छिट्टै सार्वजनिक गरिने

**रासस**
**बागलुङ, २० पुस**

प्रेस काउन्सिलले विगत तीन आर्थिक वर्षदेखि रोकिएको पत्रपत्रिकाको वर्गीकरण नतिजा छिट्टै सार्वजनिक गर्ने भएको छ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले मंगलबार काउन्सिलद्वारा यहाँ आयोजित पत्रकार आचारसहिंता जागरण कार्यक्रममा सो जानकारी दिनुभएको हो। "भरसक यही पुस महिनाभित्रैमा नभए पनि आउँदो १५/२० दिनमा वर्गीकरण नतिजा सार्वजनिक हुन्छ," उहाँले भन्नुभयो, "विविध कारणले रोकिएको वर्गीकरण प्रक्रियालाई काउन्सिलको अहिलेको नेतृत्वले टुङ्गो लगाउँदैछ।"

उहाँले आफूहरू काउन्सिलमा आएको सात महिना मात्रै भएको र पत्रपत्रिकाको वर्गीकरण प्रक्रिया पहिलेदेखि नै अवरुद्ध रहेको स्मरण गराउनुभयो। अध्यक्ष बस्नेतले वर्गीकरण काउन्सिलले मात्रै गर्ने नभएर त्यसमा राज्यका अन्य निकाय पनि सम्बद्ध रहेको स्पष्ट पार्नुभयो। बेलैमा वर्गीकरण नजिता नआउँदा पछिल्लो अवधिमा सञ्चालनमा आएका पत्रपत्रिकाले राज्यले दिने लोककल्याणकारी विज्ञानबाट वञ्चित हुनुपरेको छ। त्यसको सोझो मार जिल्लास्तरमा सञ्चालित स्वरोजगारमूलक पत्रपत्रिकामा परेको छ। सोही क्रममा अध्यक्ष बस्नेतले आचारसहिंता पत्रकारको मूलमन्त्र भएको उल्लेख गर्नुभयो। "आचारसहिंतामा टेकेर हामीले पत्रकारिता गर्नुपर्छ, पत्रकारले यसलाई सधैँ मनमा लिएर हिँड्नुपर्छ, पढिरहनुपर्छ," उहाँले भन्नुभयो।

पत्रकारितामा नवप्रवेशीहरूले त झन् आचारसहिंताबारे बढी ध्यान दिनुपर्ने उहाँको सुझाव छ। काउन्सिका सदस्य दुर्गा भण्डारीले सञ्चारका नयाँ नयाँ माध्यम विकास भएसँगै आचारसहिंता पालना थप चुनौतीपूर्ण बन्दै गएको धारणा राख्नुभयो। पत्रकारितामा स्वच्छता र विश्वसनीयता कायम गर्न पत्रकारले आचारसहिंता पालना गर्नु अनिवार्य सर्त रहेको उहाँको भनाइ छ। कार्यक्रममा पत्रकार पुण्य पौडेलले पत्रकार आचारसहिंताका विषयमा सहजीकरण गर्नुभएको थियो।

नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाको संयोजनमा भएको कार्यक्रममा ३० भन्दाबढी पत्रकार/सञ्चारकर्मीले भाग लिएको महासङ्घका जिल्ला उपाध्यक्ष नवीन शिशिर विकले जानकारी दिनुभयो।

# संघीयता चिनाउने गरी काम गर्न कर्मचारीलाई मुख्यमन्त्री पोखरेलको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सङ्घीयताको मुख्य उपलब्धि नै प्रदेश सरकार भएकाले नागरिकलाई अनुभूति हुने गरी कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले चौथो र पाँचौं तहका कर्मचारीका लागि गरेको सेवाकालीन तालिमको सोमबार उद्घाटन गर्दै उहाँले भन्नुभयो, "सङ्घीयता के हो भनेर चिनाउने पहिलो र महत्वपूर्ण अङ्ग प्रदेश सरकार हो, यसको अनुभूति हुने गरी राष्ट्रसेवक निजामती कर्मचारीले सेवा गर्न जरुरी छ।"

हामीसँग भएको साधन र स्रोतको अधिकतम प्रयोग गर्दै सङ्घीयतालाई मजबुत गर्ने गरी काम गर्नुपर्नेमा जोड दिँदै उहाँले सरकारको स्थायी अङ्ग कर्मचारी जनतासँग दैनिकरूपमा प्रत्यक्ष सम्बन्धित हुनुहुन्छ, जिम्मेवाररूपमा कार्यसम्पादन गर्नुपर्नेमा जोड दिनुभयो। क्षमता अभिवृद्धि र कार्यशैलीमा परिवर्तन ल्याउनका लागि तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री पोखरेलले कर्मचारीले जनताको सेवकका रूपमा कार्यसम्पादन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले जसले जहाँ काम गरे पनि नागरिकलाई सम्मानजनक तरिकाले सहजरूपमा सेवा प्रवाह गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेशका प्रमुख सचिव रविलाल पन्थले तालिममा जुसुकैले पनि ज्ञान, सीप र व्यवहारमा परिवर्तन गर्ने शैली सिक्ने भएकाले त्यसको अधिकतम उपयोग गर्न आग्रह गर्नुभयो। प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहायकस्तरका कर्मचारीका लागि थालेको एकमहिने तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा सैद्धान्तिक एवं व्याहारिक पक्षका विषयमा प्रशिक्षण दिइने जानकारी दिनुभयो। कर्मचारीको ज्येष्ठताका आधारमा मापदण्ड बनाएर कर्मचारी छनोट गरिएको र पहिलो चरणमा ६० जनालाई तालिम दिएर दोस्रो चरणको तालिम सञ्चालन गरिएको बताउँदै तालिममा ११ जिल्लाका सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गतका कार्यालयका कर्मचारी सहभागी रहेको बताउनुभयो। लगभग दुई वर्षअघि स्थापित प्रतिष्ठानले पाँचवर्षे रणनीति बनाएर त्यहीअनुसार अगाडि बढेको बताउँदै उहाँले दुई वर्षभित्रमा सुविधासम्पन्न भवन निर्माण गरेर प्रशिक्षण र अनुसन्धानमा प्रतिष्ठानलाई अब्बल सावित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यो तालिम लिएपछि कर्मचारीको बढुवाका लागि दुई नम्बर थपिन्छ। तालिमका लागि सूचना प्रकाशन गर्दा १७८ जनाले आवेदन दिएको र तीमध्ये १२० जना छानिएका थिए।

# लक्ष्मी...

सोही वाक्यलाई पुरा गरेर स्वर्गमा पुगेकी छिन् लक्ष्मीदेवी सिग्देल।

वि.स.१९९४ साउन १२ गते जन्मेकी लक्ष्मी सिग्देल भद्रकाली माविमा अध्ययनरत धेरै विद्यार्थीहरुको पूज्यनीय गुरुआमा बनिन्। विद्यालयको गुरुआमा मात्र सँगै सिग्देल टोल हुदै वडा नं १३ कै असल छिमेकी बनेकि थिइन्। आमा लक्ष्मीको जस्तो सकारात्मक विचार र भावनालाई दैवलाई पनि लोभ लागेर होला धर्तीवाट वि.स.२०६९ पुस २० गते टपक्क टिपेर लग्यो। लक्ष्मी स्मृति पुरस्कारबाट पहिलोपटक शिक्षाविद् बलवीर सिंह नेगी र दोश्रोपटक समाजसेवी तथा उद्योगपति गणेशवहादुर श्रेष्ठ र तेस्रोपटक डा जगमान गुरुङ सम्मानित भइसकेका छन्। आमाको स्मृतिमा छोरा बुहारी शरदकान्त सिग्देल/सपना सिग्देल र छोरी ज्वाईं शारदा सिग्देल पराजुली/ नारायण प्रसाद पराजुलीले अक्षयकोष स्थापना गरेका हुन्।

पृथ्वीधर सिग्देल समाजका अध्यक्ष गोविन्दप्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा परिवारको तर्फवाट तथा लक्ष्मी आमाकी छोरी शारदा सिग्देल पराजुलीले धन्यवाद र पृथ्वीधार सिग्देल समाजका सचिव अर्जुन सिग्देलले संचालन गरेका थिए।

# सेवानिवृत्त शिक्षकका लागि पुस्तकालय खोल्छौँ - शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० पुस**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सेवानिवृत्त शिक्षकका लागि पुस्तकालयको स्थापना गरी त्यसको व्यवस्थापन गर्ने बताउनुभएको छ।

बागलुङको बलेवामा रहेको गणेश माविको मंगलबार ४१ औँ वार्षिकोत्सव मूल समारोहमा मन्त्री पौडेलले निरन्तर सेवामा रहेका शिक्षकको समय सेवानिवृत्तपश्चात् कठिनाइ हुने हुँदा त्यसको व्यवस्थापनका निम्ति पुस्तकालय आवश्यक रहेको बताउनुभयो। मन्त्री पौडेलले समाजवाद उन्मुख राज्य प्रणाली स्थापनाका लागि शिक्षा क्षेत्रबाट गर्नुपर्ने शैक्षिक सुधार, आवश्यक जनशक्ति उत्पादन र नीतिगत सुधार गर्नका लागि पनि आफ्नोतर्फबाट सकेको काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आफ्नो गृहजिल्ला बागलुङ र बलेवा क्षेत्रको शैक्षिक क्षेत्रको विकासमा सहयोग गर्न तयार रहेको बताउनुभयो। कार्यक्रममा बागलुङ नगरपालिका प्रमुख जनकराज पौडेलले सामुदायिक विद्यालयको संस्थागत विकासका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका हुने बताउनुभयो।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सर्म्पक:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन विहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# लेदो व्यवस्थापन प्लान्ट सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**वालिङ, २० पुस**

वालिङ नगरपालिकाले निर्माण गरेको लेदो व्यवस्थापन प्लान्ट सञ्चालनमा आएको छ । दिसाजन्य लेदो व्यवस्थापन सहरी क्षेत्रमा चुनौतिकोरूपमा देखापरिरहेका बेला वालिङमा त्यसको व्यवस्थापनका लागि प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याइएको हो ।

घर-घरमा रहेका सेफ्टी ट्याङ्की भरिएपछि बाहिरी खुल्ला ठाउँमा लगेर आफूखुसी फाल्ने गरेका कारण ढल, खोलानाला तथा पानीका स्रोत प्रदूषित हुन गएकाले त्यसको उचित व्यवस्थापनका लागि प्लान्ट निर्माण गरी सञ्चालनमा ल्याइएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो ।

"घरमा रहेका सेफ्टी ट्याङ्की दिसाजन्य लेदो भण्डारण गर्ने ट्याङ्की मात्रै हुन्, त्यो भरिएपछि फाल्नका लागि समस्या थियो", उहाँले भन्नुभयो, "अब नगरपालिकाले सञ्चालनमा ल्याएको प्लान्टमा सस्तो र सहजरूपमा व्यवस्थापन गर्न सकिने भएको छ ।" नगरपालिकाले सञ्चालन गरेको प्लान्टबाट बायोग्यास र कम्पोष्ट मल बनाउनुका साथै त्यहाँबाट निस्केको पानीलाई प्रशोधन गरेर पुनः प्रयोग गर्न मिल्ने बनाइएको छ । नगरपालिकाले नेपाल नगरपालिका सङ्घसँग समन्वय गर्दै एन्फो संस्थाको प्राविधिक डिजाइन सहयोग, राष्ट्रिय योजना आयोग, सङ्घीय मन्त्रालय, सिटी नेट, एसप्याक, युएनडिपी र बिलगेट्स एण्ड मेलिन्दा फाउण्डेशनको सहयोगमा एकीकृत फोहरव्यवस्थापनकार्यक्रमअन्तर्गतप्लान्ट निर्माण गरी सञ्चालनमा ल्याएको हो । "प्लान्टबाट आधुनिक कम्पोष्ट मल बनाउने, बायोग्यास निकाल्ने र पानीलाई प्रशोधन गरी पुनः प्रयोग गर्न सकिने बनाउछौं", उहाँले भन्नुभयो,"सञ्चालनमा आएको यो प्लान्ट एकीकृत फोहरमैला व्यवस्थापनका क्षेत्रमा नगरपालिकास्तरमा नेपालकै पहिलो हो ।" दिसापिसाबको व्यवस्थित सङ्कलनदेखि सुरक्षित विसर्जनसम्मको चरणबद्ध प्रक्रिया सरसफाइ प्रणाली हो । यो प्रणालीअन्तर्गत सङ्कलन, भण्डारण, रित्याउने र ढुवानी गर्ने, प्रशोधन र पुनः प्रयोग वा सुरक्षित विसर्जन रहेको वालिङ नगरपालिकाका इञ्जिनीयर दीपेन्द्र मल्लले बताउनुभयो ।"घर घरमा निर्माण भएका सेफ्टी ट्याङ्की भरिएपछि त्यसको विसर्जनका लागि समस्या थियो", इञ्जिनीयर मल्लले भन्नुभयो,"नगरपालिकाले प्लान्ट सञ्चालन गरेसँगै निजी व्यवसायीबाट भन्दा सस्तो शुल्कमा त्यसको उचित व्यवस्थापन गर्न थालिएको छ।" नगरपालिकालाई रु छ हजार ५०० शुल्क तिरेपछि ट्याङ्की खाली गरिदिने गरेको इञ्जिनियर मल्लले बताउनुभयो । घर-घरमा निर्माण भएका सेफ्टी ट्याङ्की खाल्डो भरिएपछि खाली जमिन, खेतबारी, जङ्गलमा ट्याङ्करमार्फत विसर्जन गरिँदै आएकामा प्लान्ट सञ्चालनमा आएसँगै थप व्यवस्थित भएको इञ्जिनीयर मल्ल बताउनुहुन्छ ।

घर घरमा रहेका सेफ्टी ट्याङ्की भरिएपछि व्यवस्थापनमा निक्कै समस्या हुने गरेकोमा नगरपालिकाले उठाएर त्यसको उचित व्यवस्थापन गर्ने थालेपछि सहज भएको वालिङ ८ कटौंजेका शिवप्रसाद पाण्डेले बताउनुभयो । "निजी व्यवसायीबाट यसअघि ट्याङ्की खाली गर्दा महँगो र मनपरी दरट थियो", पाण्डेले भन्नुभयो, "एकलौटी व्यवसाय हुँदा महँगो पर्न गए पनि अब नगरपालिकाले सञ्चालन गरेपछि सस्तो र सहज हुने भएको छ ।"नगरपालिकाले फोहरमैंला व्यवस्थापनका क्षेत्रमा देशभरमै उत्कृष्ट स्थान प्राप्त गरी पुरस्कृत भएसँगै वालिङमा बाहिरी जिल्ला, नगरपालिका तथा विभिन्न सङ्घ संस्थाबाट अध्ययन अवलोकन भ्रमणका लागि आउने गरेका छन् ।



बुद्धमूर्ति : स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-६, थाप्लेमा अवस्थित ६५ फिट अग्लो बुद्धमूर्ति र पृष्ठभूमिमा देखिएको माछापुच्छे हिमाल । तस्बिर : तोलाकान्त बगाले/रासस

# रघुगङ्गाका सबै वडा बालश्रममुक्त घोषणा

**पोखरापत्र संवाददाता**
**बेनी, २० पुस**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीलाई बालश्रममुक्त वडा घोषणा गरिएको छ । सोमबार आयोजित कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, आमा समूह, युवा क्लबलगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधिले बालबालिकालाई कानुन विपरीतको बालश्रममा प्रयोग नगर्ने प्रतिबद्धता जनाएर बालश्रममुक्त वडा घोषणा गरिएको हो ।

योसँगै रघुगङ्गा गाउँपालिकाका आठ वटै वडालाई बालश्रममुक्त वडा घोषणा गरिसकिएको छ । गाउँपालिकाले बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०७७ मा भएको व्यवस्था अनुसार, गाउँपालिकालाई बालश्रममुक्त पालिका बनाउने अभियान सञ्चालन गरेको थियो । गाउँपालिकाका आठ वटै वडालाई बालश्रममुक्त घोषणा भएसँगै गाउँपालिका बालश्रममुक्त बनेको र निकट भविष्यमा औपचारिक कार्यक्रम गरी पालिकालाई बालश्रममुक्त घोषणा गर्ने कार्यक्रम रहेको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो ।

रघुगङ्गाको ११औँ गाउँसभालेसमेत कार्यपालिका बैठकको सिफारिस बमोजिम गाउँपालिकालाई बालश्रममुक्त पालिका घोषणा गर्ने निर्णय गरिसकेको छ । गाउँपालिकाभित्रका एक हजार १०० घरधुरी पहिचान गरी सर्वेक्षण गर्दा कुनैपनि घरमा बालश्रममा नरहेको तर १५० जना बालबालिका बालश्रमको जोखिममा रहेको पाइएको थियो । अभियानका क्रममा जोखिममारहेकाबालबालिकालाई झोला, पोशाक र शैक्षिक सामग्री सहयोग गर्ने गरिएको र उनीहरूका अभिभावकलाई दिगो रोजगारीतर्फ प्रेरित गर्न सिपमूलक तालिम सञ्चालन गर्ने तयारी गरिएको गाउँपालिकाले जनाएको छ । बालश्रममा कोही पनि बालबालिका नहरेको आधार तयार भएपछि वडासमितिको सिफारिसमा वडा र कार्यपालिकाको सिफारिसमा गाउँसभामार्फत पालिकालाई बालश्रमुक्त घोषणा गर्न सकिने प्रावधान अनुसार सबै वडालाई बालश्रममुक्त घोषणा गरिएको गाउँपालिकाको महिला तथा बालबालिका शाखाका प्रमुख सावित्रा सुवेदीले जानकारी दिनुभयो । बालश्रममुक्त वडा घोषणा समारोहमा गाउँपालिकाका उपाध्यक्ष कमला तिलिजाले भगवतीसँगै गाउँपालिकाका सबै वडा बालश्रममुक्त घोषणा भएकाले आगामी दिनमा घोषणाको व्यवहारिक कार्यान्वयनमा समेत लाग्न सबै सरोकारवाला जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

वडा अध्यक्ष रिमबहादुर कटुवालले बालश्रम सामाजिक अपराध भएकाले बालबालिकालाई कानुन विपरीतको श्रममा लगाउन नहुने बताउँदै घोषणाको व्यवहारिक कार्यान्वयका लागि वडाका हरेक श्रम हुने क्षेत्रलाई निगरानी गरिने बताउनुभयो । समारोहमा बालश्रमको जोखिममा रहेका २० बालबालिकालाई गाउँपालिकाबाट झोला, पोशाक, शैक्षिक सामग्री वितरण गरिएको थियो भने सामाजिक विकास कार्यालयबाट थप ज्यामिति बक्स, क्यालकुलेटर, घडीलगायतका सामग्री वितरण गरिएको थियो । गाउँपालिकाले बालश्रम सामाजिक अपराध भएको र बालबालिकालाई कडा परिश्रम गर्नुपर्ने र कानुनले बन्देज लगाएको काममा लगाउन नहुने सन्देशसहितको चेतनामूलक ब्रोसर र होडिङ बोर्डमार्फत समेत सचेतना जगाउने काम गरेको जनाएको छ ।

# तनहुँ जलविद्युत् आयोजना: एक अर्ब ३० करोड मुआब्जा वितरण

**–कृष्ण न्यौपाने**
**दमौली, २० पुस**

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाका लागि रु एक अर्ब ३० करोड मुआब्जा वितरण गरेको छ । आयोजनाको निर्माण कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडले क्याम्प र विद्युत्गृहको पहुँचमार्ग, बाँधस्थलको पहुँचमार्ग र जलाशय क्षेत्रमा आवश्यक जग्गा अधिग्रहणका लागि रु एक अर्ब ३० करोड मुआब्जा वितरण गरेको हो। क्याम्प र विद्युत्गृहको पहुँचमार्गका लागि १५० रोपनी क्षेत्रफल अधिग्रहण गरिएको छ । त्यसका लागि रु ४० करोड मुआब्जा वितरण गरिएको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार बाँधस्थलको पहुँचमार्गका लागि ५० रोपनी जग्गा अधिग्रहण गरिएको छ । त्यसका लागि रु आठ करोड मुआब्जा वितरण भएको छ । जलाशय क्षेत्रका लागि एक हजार २३० रोपनी जग्गा अधिग्रहण गरिएको छ । त्यसका लागि रु ८२ करोड मुआब्जा वितरण गरिएको छ । बाँधस्थलको पहुँचमार्गमा ९० र जलाशय क्षेत्रमा ९७ प्रतिशत मुआब्जा वितरण भइसकेको उहाँले बताउनुभयो । आयोजनाले रु ३८ करोडमा क्याम्प, रु १२ करोडमा विद्युत् सवस्टेशन, रु आठ करोडमा पहुँचमार्ग र रु दश करोडमा सेती नदीमा पक्की पुल निर्माण सम्पन्न गरिसकेको छ । आयोजनाले हालसम्म २५ प्रतिशत भौतिक प्रगति गरेको छ । आयोजनाको सबैभन्दा ढिलाइ भएको प्याकेज १ अन्तर्गतको कामका लागि गत अगष्ट ३१ बाट निर्माण कम्पनी परिचालन भइसकेको छ। प्याकेज १ अन्तर्गत नदी फर्काउने, बाँध निर्माण लगायतका काम हुनेछ । उक्त कामका लागि आयोजनाले सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँग सम्झौता गरेको थियो ।

आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरिद सम्झौता रद्द भए पश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्र सारभूत रूपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्र अस्वीकृत गरी एशियाली विकास बैंकको खरिद निर्देशिकाअनुरुप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो । प्याकेज २ अन्तर्गत सिनो हाइड्रोले भूमिगत काम गरिरहेको छ । उक्त प्याकेज अन्तर्गत पावरहाउस, वर्क टनेल, सर्च ट्याङ्कलगायतका काम भइरहेको छ ।

सिनो हाइड्रोले पाँच वटा सुरुङको काम सकेको छ । १९० मिटरको केवल सुरुङ, २८१ मिटरको मुख्य प्रवेश सुरुङ, ४३७ मिटरको सर्च ट्याङ्क जाने पहुँच सुरुङ र ३१४ मिटरको ड्याम जाने सुरुङ खनेर सकिएको छ। बाँधबाट पानी ल्याउने एक हजार ४०० मिटरको सुरुङ खन्ने काम जारी छ।

प्याकेज ३ अन्तर्गतको प्रशारण लाइन निर्माणको कामले पनि तीव्रता पाएको छ । उक्त प्याकेज अन्तर्गत प्रशारण लाइन निर्माणका लागि आठ वटा टावर निर्माण सम्पन्न भएको छ। कूल ९४ मध्ये २७ फाण्डेशनको काम सकिएको छ, भने छ वटा फाउण्डेशनको काम चलिरहेको छ। २० टावरका लागि आवश्यक सामग्री आउने क्रममा रहेको बताइएको छ। आयोजनाको बाँधस्थलको जलाधार क्षेत्र १५०२ वर्ग किलोमिटर रहेको छ । उक्त नदीको अनुमानित औषध बहाव १०७.७ घनमिटर रहेको र सेती नदीको अनुमानित वार्षिक थेग्यान दर ३७६६ घनमिटर प्रति वर्ग किमि रहेको छ। आयोजनामा थेग्यान बगाउने प्रविधि अपनाइएकाले जलाशयको सञ्चालन आयु करिब एक सय ३७ वर्ष हुने अनुमान छ। १४० मिटर बाँधको उचाइ रहने आयोजनाको भूमिगत विद्युत्गृहको लम्बाई ८९ मिटर, चौडाई २२ मिटर र उचाई ४४ मिटर रहनेछ।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबिले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।


## शिक्षक आवश्यकता

पोखरा महानगरपालिकाको मिति २०७८/०९/२० को च. नं. ३६७ पत्र संख्या ०७८/०७९ को पत्र अनुसार यस विद्यालयमा निम्न अनुसार प्रा.वि.तृतीय तहको शिक्षक आवश्यक भएकोले योग्यता प्राप्त उम्मेदवार हरुबाट रितपूर्वक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**तहः प्रा.वि. तृतीय श्रेणी** **संख्याः १ जना**
**योग्यता– आई एड वा सो सरह**
**आवश्यक कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

**दरखास्त दिने मितिः २०७८/१०/०५ गतेसम्म**
**निवेदन दस्तुरः रु १०००।–**
**परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**
**निवेदन दिने स्थानः श्री हर्पनकोट मा.वि. पोखरा–२३**
**(विहान १० बजेदेखि ४ बजेसम्म)**
**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।**
**सम्पर्क मितिः २०७८/१०/०५ गते**
**सम्पर्क नं.: ९८४६०५८०५१**

**श्री हर्पनकोट माध्यमिक विद्यालय**
**पोखरा-२३, कुदवीडाँडा, कास्की**


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २००७/०२/०६ गते**

**स्वः जोगमाया राणा**

**स्वर्गारोहणः**
**वि. सं. २०७८/०९/१२ गते**

हाम्रा आत्मीय मित्र सुरजजंग राणका ममतामयी माता **जोगमाया राणा**को ७१ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको दशौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| **उत्तम बराल** | **कृष्ण थापा** | **राज कुमारी थापा** | **दिपक थापा** |
| **शुनिल बराल** | **रामकृष्ण पाहारी** | **ललित मगर** | **हेमराज चालिसे** |
| **रिता पराजुली** | **नारायण भण्डारी** | **शिवा गुरुङ** | **डा. अजय थापा** |
| **शोभाकान्त सिग्देल** | **केशव बराल** | **हरिप्रसाद बास्तोला** | **अजय वाग्ले** |
| | **सृजना बराल** | **बासुदेव मिश्र** | |